२१ औं

आजमिति २०८६ साल चैत्र २६ गते यस भेरी गंगा न० पा० का नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द को अध्यक्षतामा बैठक बसी तपसिलमा उल्लेखित बमोजीम का निर्णय गरियो ।

उपस्थिति -

तपसिल -

श्री - भूपेन्द्र बहादुर चन्द - नगर प्रमुख -
श्री - रेणु आचार्य (ढकाल) नगर उपप्रमुख
श्री - नवराज कार्की - रजना पुढा कार्की
श्री - नन्द बहादुर बुढा -
श्री - जीत ब० सुनार -
श्री - महाबिर खत्री -
श्री - प्रेम ब० शाह -
श्री - बल ब० खड्का -
श्री - कर्ण ब० नेपाली - चन्द्र ब० (का० वा०)
श्री - पदम ब० खत्री -
श्री - लक्ष्मन राना -
श्री - मान ब० बुढामगर -
श्री - तिलकराम डाँगी -
श्री - हरि प्रसाद कंडेल -
श्री - टिकाराम सुवेदी -
श्री - रमना परियार -
श्री - प्रतिक्षा के० कु० -
श्री - शेर ब० कामी -
श्री - मोतीसरा खत्री -
श्री - खिम ब० कामी -
श्री - भुमीकला सुनार -
श्री - खिम कु० राना -
श्री - विष्णु खत्री -
श्री - मान ब० ढाडा - (लेखा अ०)
श्री - यामलाल देवकोटा - (ना० सु०)

**प्रस्ताव नं. १ : प्रोत्साहन रकम सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाले मध्यपश्चिमाञ्चल छमछमी नाच प्रतियोगितामा तेश्रो स्थान हासिल गर्न सफल प्रतियोगी गोर्भाकोट नगरपालिका वडा नं.८निवासी शेखर घर्तिलाई प्रोत्साहन स्वरुप रकम रु. २०,०००।- प्रदान गर्ने र सो रकम प्रवद्धनात्मक शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२ : वडा एवं नगर स्तरिय खेलकुद सम्बन्धमा ।**

निर्णय नं.२ : प्रस्ताव नं.२ माथि व्यापक छलफलगर्दा वडा एवं नगरस्तरिय खेककुदबाट राष्ट्रपति स्तरीय खेलकूद प्रतियोगितामा छनौट भएका खेलाडीहरुको लागि खाना खर्च तथा यातायात खर्च व्यवस्थापन गर्न बजेट रकम रु. ८००००।- मध्ये शिखर मा.बि.लाई रु. ३०,०००।-, शनिमोर, ढुंगीखोला, शारदा मा.बि र लालि गुरांसलाई रु. ३००००।- र बांकी अन्य बिद्यालयबाट प्रतिनिधित्व गर्ने खेलाडीका लागि रु. २००००।- सम्बन्धित बिद्यालयको खाता मै बिनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३ : खेलाडीलाई सहयोग सम्बन्धमा**

निर्णय नं. ३ : प्रस्ताव नं.३ माथि गहन छलफल हुदां गोर्भाकोट न.पा.१४(गुमी) मा औशी मेला खेलकुदमा भेरीगंगा नगरपालिबाट प्रतिनिधित्व गरी उक्त खेलमा सहभागी हुने खेलाडीका लागि ड्रेस स्वरुप रकम रु. २५०००।- बिनियोजन गर्ने र सो रकम सम्बन्धित खेलकुद समितिको खातामा जम्मा गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.४ : ईन्जिनियरको सेवा सुबिद्या सम्बन्धमा ।**

निर्णय नं.४ : माथि छलफलगर्दा भेरीगंगा नगरपालिकामा कार्यरत ईन्जिनियर श्री सुदिप कर्णलाई ज्यालादारीमा सेवा सुविद्या दिदै आएकोमा अब उप्रान्त करार सेवा सुविद्या सरह तथा प्राबिधिक भत्ता समेत उपलब्ध गराउने गरी निर्णय गरियो ।

**प्रस्ताब नं. ५ : पंजिकरण शाखाको जिम्मेवारी सम्बन्धमा ।**

निर्णय नं. ५ : माथि छलफ हुंदा ना.सु. कुन्ता भण्डारीलाई पंजिकरण शाखाको जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताब नं. ६ : स्टोरको जिम्मेवारी सम्बन्धमा**

निर्णय नं. ६ : माथि व्यापक छलफल हुंदा यस भेरीगंगा नगरपालिकामा दैनिक स्टोर सम्बन्धि काम कार्यमा अत्याधिक कार्यबोझका कारण एक जना स्टोरको कर्मचारीबाट नियमित कार्यसम्पादन गर्न बाधा पर्न गएकोले नेपाल सरकारको दरबन्दिमा कार्यरत प्रशासन तर्फको एक जना कर्मचारीलाई २०७४ चैत्र मसान्तभित्र स्टोर शाखामा काम गर्ने गरी थप जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : न्यायिक समिति गठन सम्बन्धमा ।**

निर्णय नं. ७ : माथि गहन छलफलगर्दा भेरीगंगा नगरपालिकाको तपसिलमा उल्लेखित न्यायिक समिति गठन गर्ने निर्णय गरियो साथै उक्त निर्णयलाई दोश्रो नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**तपपसिल :**

१) संयोजक : रेणु आचार्य (ढकाल) नगर उप-प्रमुख

२) सदस्य : तिलकराम डांगी ११ नं. वडा अध्यक्ष

३) सदस्य :प्रतिक्षा बि.क. कार्यपालिका महिला सदस्य

**प्रस्ताव नं. ८ : बिषयगत समिति गठन सम्बन्धमा ।**

निर्णय नं. ८ : माथि छलफल गर्दा तपसिलमा उल्लेखित बिषयगत उपसमितिहरुलाई पुर्णता दिई निरन्तरता दिने गरी सर्वसम्मत निर्णय गरियो साथै उक्त निर्णय दोश्रो नगरसभाबाट अनुमोदन गर्ने समेत निर्णय गरियो ।

**१) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

क) जितबहादुर सुनार : संयोजक

ख) नवराज कार्की : सदस्य

ग) खीमसरा राना : सदस्य

घ) महाविर खत्री : सदस्य

**२) आर्थिक विकास समिति :**

क) कर्णबहादुर ~~सुनार~~ सिजाल : संयोजक

ख) प्रतिक्षा बि.क. : सदस्य

ग) खिमव्बहादुर कामी : सदस्य

**३) सामाजिक विकास समिति**

क) पदमबहादुर खत्री : संयोजक

ख) टिकाराम सुबेदी : सदस्य

ग) रमाना दमाई : सदस्य

**४) पुर्वाधार विकास समिति :**

क) मानबहादुर बुढा : संयोजक

ख) प्रेमबहादुर सारु : सदस्य

ग) मोतीसरा खत्री : सदस्य

**५) बातावरण तथा विपत व्यबस्थापन समिति :**

क) शेरबहादुर कामी : संयोजक

ख) लक्ष्मण राना : सदस्य

ग) भुमीकला सुनार : सदस्य

घ) बलबहादुर खड्का : सदस्य

**६) विधेयक समिति :**

क) हरि प्रसाद कडेल : सयोजक

ख) तिलकराम डांगी : सदस्य

ग) विष्णु खत्री : सदस्य

घ) नन्दबहादुर बुढा : सदस्य

**प्रस्ताब नं.९ : सहकारी सम्बन्धमा**

निर्णय नं. ९ : माथि छलफलगर्दा सहकारी संस्थाको लागि सभाले विनियोजन गरेको रकम अनुगमन गरी विनियोजन गर्ने न्यायिक समितिलाई पूर्ण जिम्मेवारी दिने निर्णय गरियो साथै उक्त निर्णयलाई नगरसभाबाट अनुमोदन गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० : युवा स्वरोजगार शाखा गठन सम्बन्धमा**

निर्णय नं. १० : माथि छलफल हुदां नगर सभाले **विनियोजन गरेको युवा स्वरोजगार कोष कार्यक्रमको कोष खडा गरी कार्यबिधि समेत तयार गरी प्रकृया पुर्याई कार्य गर्नका लागि प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो साथै नगर सभाबाट** अनुमोदन गर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : मादक पदार्थ सेवनका सन्दर्भमा :**

निर्णय नं. ११ : निर्णय नं. १० को सन्दर्भमा छलफलगर्दा यस भेरीगंगा नगरपालिका क्षेत्र वरीपरि मादक पदार्थ सेवन गरी प्रहरीद्वारा पकाय परेका मादक पदार्थ सेवन कर्ताको मा.पा.से.परिक्षणका लागि श्री भेरीगंगा १० का छिन्चु स्वास्थ्य चौकीका भोलेन्टियर स्टापनर्स राजकुमारी चौधरी,अ.हे.व. नवराज वि.क,अ.न.मी.राज कुमारी चौधरी र शोभा वलीलाई ज्यालादारीमा मासिक रु.१०,०००। पारिश्रमिक दिने गरी निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : पदाधिकारीको दै.भ्र.भत्ता सुविद्या दिने सम्बन्धमा ।**

निर्णय नं. १२ : माथि छलफलगर्दा यस भेरी गंगा नगरपालिकाको नगरप्रमुख,नगर उप प्रमुख एंव वडा अदक्ष्य लगायत कार्यपालिका सदस्य र वडा सदस्यहरुलाई योजना अनुगमनमा जांदा वा शिमिनार,गोष्ठी,तालिममा सहभागी हुन जांदा देहाय बमोजिम भ्रमण भत्ताको सुविद्या उपलब्ध गराउने निर्णय गरियो ।

क) नगर प्रमुख रु.२०००।

ख) नगर उप प्रमुख रु.२०००।

ग) वडा अध्यक्षको रु.१६००।

घ) कार्यपालिका सदस्य रु.१२००।

ङ) वडा सदस्यको रु.१२००।

निर्णय नं. १३ : आजको कार्यपालिकाको वैठक समय अभावका कारण ०७४ साल चैत २८ गते पुन : बस्ने गरी स्थगित गरियो ।

०७४।१२।२६